मिति:- २०८१।१०।१३ गते

स्थान:- कालिगण्डकी गाउँपालिकाको कार्यालय सभा कक्ष, गुल्मी।

समय:- दिउँसो ३:३० बजे

कालिगण्डकी गाउँपालिकाका अध्यक्ष **श्री वेद बहादुर थापा** ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकको उपस्थिति र निर्णयहरु।

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री वेद बहादुर थापा | |
| २. | उपाध्यक्ष | श्री मन्जु कुमारी दर्लामी | |
| ३. | १.नं. वडा अध्यक्ष | श्री लालु प्रसाद पाण्डे | |
| ४. | २.नं. वडा अध्यक्ष | श्री रेशम राज न्यौपाने | |
| ५. | ३.नं. वडा अध्यक्ष | श्री रुप बहादुर श्रीस | |
| ६. | ४.नं. वडा अध्यक्ष | श्री ~~होम बहादुर~~ चन्द्र कला थापा | |
| ७. | ५.नं. वडा अध्यक्ष | श्री दान बहादुर राना | |
| ८. | ६.नं. वडा अध्यक्ष | श्री पूर्ण बहादुर थापा | |
| ९. | ७.नं. वडा अध्यक्ष | श्री घनश्याम थापा | — |
| १०. | कार्यपालिका सदस्य | श्री केशरी तिमिल्सीना पाण्डेय | |
| ११. | कार्यपालिका सदस्य | श्री गुनुमाया विश्वकर्मा | |
| १२. | कार्यपालिका सदस्य | श्री मेनुका न्यौपाने | |
| १३. | कार्यपालिका सदस्य | श्री सीता कुमारी थापा | |
| १४. | कार्यपालिका सदस्य | श्री अमर बहादुर विश्वकर्मा | |
| १५. | कार्यपालिका सदस्य | श्री मिना परियार | — |
| १६. | प्रमुख प्रशासकीय अधिकृत | श्री नरेश गिरी | |
| १७ | लेखा शाखा प्रमुख | श्री होबनाथ पौडेल | |
| १८ | आलेप | श्री गोविन्द कार्की | |
| १९ | कम्प्यूटर अपरेटर | श्री ऋषिराम राना | |
| २० | रोजगार सहायक | श्री तिलक राना | |
| २१ | कर्यालय सहयोगी | श्री दानमाया बुढा | |

Scanned with CamScanner

निर्णयहरु

१. कालिगण्डकी गाउँपालिकाको अनुगमन समितिको २०८० साल पौष महिनाको मासिक प्रगति प्रतिवेदनको बारेमा छलफल भयो ।

२. नेपाल नेत्रज्योति संघ गुल्मी संगको साझेदारीमा कालिग्डकी गाउँपालिका वडा नं ४ पूर्तिघाटमा आँखा उपचार केन्द्र संचालनका लागि सम्झौता गरी प्रक्रिया अगाडी बढाउने ।

३. कालिगण्डकी गाउँपालिका वडा नं ६ खड्गकोटमा रहेको देउराली माध्यामिक विद्यालयको २०८१।१०।१३ को पत्र सहित प्राप्त मिति २०८१।१०।११ को विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार उक्त विद्यालयमा रहेको माध्यामिक तह अङ्ग्रेजी विषयको स्वीकृत दरबन्दीलाई माध्यामिक तह गणित विषयमा परिवर्तन गर्न शिक्षा विकास तथा समन्वय इकाई गुल्मीलाई सिफारिस गर्ने ।

४. वडा नं. ७ छापचौर, वडा नं ५ को फोक्सिङ र वडा नं ६ को उपल्लो कोरेङ र तोदाकोट बजार क्षेत्रमा कालोपत्रे गर्नका लागि DPR तयारको कार्य अगाडी बढाउने ।

५. भुर्तुङ प्रहरी चौकीको नाममा जग्गा प्राप्त समेत भै सकेको हुँदा उक्त प्रहरी चौकीको भवन निर्माणको लागि गृह मन्त्रालयमा अनुरोध गर्ने ।

६. कालिगण्डकी गाउँपालिका चालु आ.व मा संचालन हुने विकास आयोजनाहरुको नियमित रुपमा स्थलगत निरीक्षण गरी संरचनाहरुमा गुणस्तर अभिवृद्धि गर्न सबै वडामा मा एक एक जना हुने गरी सुपरभाइजर(असिस्टेन्ट सब इन्जिनियर) नियुक्तिका लागि विज्ञापन गरी अन्तर्वार्ताका माध्यमबाट असिस्टेन्ट सब इन्जिनियर तहका कर्मचारीहरुको सूची तयार गर्ने । वडामा संचालित हुने योजनाहरुमा योजना संचालन हुने अवधिसम्मको लागि आवश्यकता अनुसार ज्यालादारी मार्फत काम लगाउने ।

७. कालिगण्डकी गाउँपालिका गाउँकार्यपालिकामा करार सेवामा कार्यरत असिस्टेन्ट सब इन्जिनियर दिलीप आउजीको कालिगण्डकी गाउँपालिकाको करारमा प्राविधिक तथा श्रेणिविहिन कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधिको दफा (८) को उपदफा ४ बमोजिम माथिल्लो शैक्षिक योग्यता पुरा गरेको हुँदा माघ १ देखि लागू हुने गरी यस कार्यालयमा रिक्त रहेको सब इन्जिनियर (पाँचौ) तहमा करार सम्झौता गर्ने ।

८. मिति २०८१।९।१७ गते गुल्मी जिल्ला प्रतिनिधि सभा सदस्य माननीय चन्द्र भण्डारीको प्रमुख आतिथ्यतामा गुल्मी कालिगण्डकी गाउँपालिका र पर्वतको विहादी जोडने मोटरेबल पुल उद्घाटन गर्दा लागेको खर्च रु. १६२१२० भुक्तानी गर्ने ।

९. कालिगण्डकी गाउँपालिकाका देहायका कार्यविधि स्वीकृत गर्ने

कालिगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

a. आवासिय छात्रवास संचालन सम्बन्धी कार्यविधि २०८१

b. उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधि, २०८१

c. अनुगमन तथा सुपरीवेक्षण कार्यविधि, २०८१

१०. कालिगण्डकी गाउँपालिका अन्तर्गत विभिन्न समयमा भएको विपद्जन्य घटनाका कारण देहायका योजनाहरु निर्माणको लागि भएको खर्च रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने

a. डिहिङ डाँडाखर्च सिंचाई कुलो, कालिगण्डकी १

b. भुर्तुङ सिंचाइ कुलो (पाइप खरिद)

c. पूर्तिघाट खानेपानी योजना (पाइप खरिद)

d. पाइप खरिद छविलाल न्यौपाने अर्वेनी (आगोलागीको कारण पाइप क्षति )

११. कालिगण्डकी गाउँपालिका वडा नं ३ को लम्सराङ खानेपानीको टयाङकी र बोडखोला सिंचाइ कुलो पहिरोको कारण क्षतिग्रस्त भएको हुँदा मर्मत संम्भार कोष/विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी मर्मत कार्य अगाडी बढाउने ।

१२. प्रारम्भिक नि.मा.वि र भगवति मा.वि. अर्वेनीको लागि प्राविधिक स्टमेट अनुसारको खानेपानी पाईप उपलब्ध गराउने ।

१३. कालिगण्डकी नदिको नदिजन्य पदार्थ उत्खनन तथा विक्रि बितरण नगर्ने सम्बन्धी सर्वोच्च अदालतबाट भएको उत्प्रेषण आदेश सम्बन्धी रिट २०८१।७।११ गते खारेज भएको हुँदा कालिगण्डकी नदिको नदिजन्य पदार्थ उत्खननको लागि संक्षिप्त वातावरणीय अध्ययन (BES) गरी ठेक्का प्रक्रिया अगाडी बढाउने ।

१४. कालिगण्डकी गाउँपालिकामा कार्यरत सबै करार तथा ज्यालादारी तर्फका कर्मचारीहरुको २०८२ असार मसान्त सम्मको लागि म्याद थप गर्ने ।

१५. कालिगण्डकी गाउँपालिका वडा नं १, साविक हर्मिचौर गाविस वडा नं ५ फरिनडाँडामा रहेको गाउँ पञ्चायतको नाममा दर्ता भएको कित्ता नं. २११ को सरकारी जग्गामा हर्मिचौर स्वास्थ्य चौकीको भवन निर्माणको नेपाल सरकारको नाममा दर्ता श्रेष्ता कायम गरी गाउँपालिकाको नाममा उपयोगको स्वीकृतिको लागि मालपोत कार्यालय मजुवाबजारलाई अनुरोध गर्ने।

१६. रेसुङ्गा नगरपालिकामा संचालन भएको गुल्मी पालिका कप क्रिकेट खेलकुद कार्यक्रममा कालिगण्डकी गाउँपालिकाबाट खेलाडी सहभागी हुँदा भएको खर्च मध्ये रु. ८५ हजार रकम खेलाडीको नाममा भुक्तानी गर्ने ।

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

१७. कालिगण्डकी गाउँपालिका भित्रका सबै वडामा जिल्ला प्रशासन कार्यालय गुल्मी सँगको सहकार्यमा वडा तथा टोर स्तरबाट परिचयपत्र वितरण र गाउँपालिकाबाट परिचपत्रको दर्ता कार्यक्रममा भएको खाना खाजा सवारी भाडा लगायतको देहायअनुसारको खर्च रकम गाउँपालिकाको चालु आवमा बाँकी रहेन कुनै शीर्षकबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

a. वडा नं १ को खर्च रु.४१४८५।
b. वडा नं २ को खर्च रु.३९७९०।
c. वडा नं ३ र ४ को वितरण गर्दा (ड्रिम फुडल्याण्ड) रु.७५८००।
d. वडा नं ५ को रु.२२८५०।
e. वडा नं. ६ को रु.३२३००।
f. वडा नं. ७ को रु.६९२५०।
g. नयाँ परिचयपत्र दर्ता कार्यक्रम गाउँपालिकामा रु. ४९०००।

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner